# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

## !सूचना! !!सूचना!! !!!सूचना!!!

मिती:- २०७७/८/१७

**बिषय: घर अभिलेखीकरण सम्बन्धमा ।**

प्रस्तुत बिषयमा यस कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय घोषणा हुनु पूर्व निर्माण भएको घरहरुको घर अभिलेखीकरण गर्न छुटेका घर अभिलेखीकरण गर्नु पर्ने हुँदा, सम्बन्धित घरधनीहरुले तल उल्लेखित **घर अभिलेखीकरणको लागि समयअबधि** भित्र यस **कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम, चितवनमा** घर अभिलेखीकरण गर्न **तपसिलमा** उल्लेख कागजात साथ आउनु हुन अनुरोध छ । साथै यस पूर्व घर अभिलेखीकरण गर्नको लागि यस नगरपालिकाले निकालेको सुचनाको हदम्याद भित्र दर्ता भएका घर अभिलेखीकरण निबेदनहरु यसै सूचना प्रकाशित मितिले **एक(१) महिना भित्र** घर अभिलेखीकरण गर्नु हुन अनुरोध छ । **यस सूचनाबाट तोकिएको मिति नाघे पछि घर अभिलेखीकरण गर्न नगरपालिका बाध्य हुने छैन ।**

**तपसिल**

१. घर नक्सा निबेदन सहितको तोकिएको किताब
२. जग्गाधनी प्रमाण पूर्जाको प्रमाणित प्रतिलिपि
३. चालु आर्थिक वर्षको सम्पति कर तिरेको रसिदको प्रतिलिपि
४. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
५. कित्ता नम्बर स्पष्ट भएको नापी नक्साको प्रमाणित प्रतिलिपि
६. प्रमाणित चार किल्ला
७. घरको स्पष्ट रंगिन फोटो
८. जग्गाधनीको २ प्रति पासपोर्ट साईजको फोटो
९. अभिलेखको लागि मञ्जुरीनामाको हकमा नगरपालिकाको रोहवरमा मञ्जुरीनामा गरेको पत्र र मञ्जुरीनामा लिने दिने दुवैको नेपाली नागरिकताको प्रमाण पत्रको एक एक प्रति प्रतिलिपि

**घर अभिलेखीकरणको लागि समयअबधि**

- **घर अभिलेखीकरणको लागि किताब किन्ने र १५ दिने सूचना काट्ने समय: यसै सूचना टाँस मितिले दुई(२) महिना भित्र । (२०७७/८/१७ देखि २०७७/१०/१६ सम्म)**
- **सम्पूर्ण प्रक्रिया पुरी गरि घर अभिलेखीकरण किताब र नक्सा बुझाउने समय: यसै सूचना टाँस मितिले तीन(३) महिना भित्र । (२०७७/११/१६ सम्म)**